"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदबारी नगरपालिकाको प्रयास"

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

मितिः २०७६।११।०२ बैठक संख्याः ८९

बैठक प्रारम्भ समयः ८:०० बजे बैठक समापन समयः ६ बजे

आजको नगरकार्यपालिकाले बैठकको कार्यसूचीका आधारमा निम्नानुसार निर्णय गरेको छ ।

निर्णयहरु :

१.खाँदवारी नगरपालिकाको २३ औं बार्षिक उत्सबको विषयगत उपसमितिबाट समिक्षा भै प्राप्त भएको प्रतिवेद्न उपर क्षलफल गरी खाना,खाजा,लजिस्टिक उपसमितिबाट प्राप्त भएको प्रतिवेदनमा पुनरावलोकन गरी समर्थन गर्न अख्तियारी नगर प्रमुखलाई दिने र सो बाहेकका खर्चहरु अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो । साथै यस कार्यको नेतृत्व गर्ने सवै समिति, उपसमिति, सदस्य, कर्मचारी लगायत सवै संलग्न व्यक्तिहरुलाई धन्यवाद दिने र आमन्त्रित प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि , सम्मान हुने व्यक्तित्व,कलाकार,पत्रकार, झाँकी,नेपाल स्काउट, NCC , टोल विकास संस्थाहरु र सवै नगरवासी प्रति नगरपालिका आभारी हुने निर्णय गरीयो ।

२.खाँदबारी नगरपालिकालाई आवश्यक ३ जना सव इञ्जिनियर र ३ जना असिस्टेट सव-इञ्जिनियर तथा २ जना (भारी सवारी र हल्का सवारी) दुवै प्रकृतीका सवारी साधन चलाउन सिप भएको सवारी चालक करारमा पदपूर्ति गर्न १५ दिनको दरखास्त आव्हान को विज्ञापन प्रकाशन गर्ने । दुवै सेवाका पद पूर्तिका लागि खाँदवारी नगरपालिका प्रमुख प्रशासकीय अधिकृत को संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि,को.ले.नि.का को अधिकृत प्रतिनिधि, संयोजकले छनोट गरेको १/१ जना विज्ञ र प्रशासन शाखा प्रमुख सदस्य सचिव हुने गरी लिखित परिक्षा, प्रयोगात्मक एवं अन्तर्वाता संचालन गरी करार सेवा लिने निर्णय गरीयो ।

३.जिल्ला कारागार कार्यालय संखुवासभाका कैदी हरुले वार्षिक रुपमा प्रकाशन गर्ने पत्रिका प्रकाशनका लागि रु २० हजार छपाई तथा प्रकाशन शिर्षकबाट उपलब्ध गराउने ।

४.खाँदवारी ९ तुम्लिङ्गटारमा स्थापना हुने नयाँ प्रहरी इकाई ( तुम्लिङ्गटार प्रहरी चौकी) को घर भाडा बापत को रकम Rent Committee को निर्णयअनुसार घरभाडा शिर्षकबाट न्यूनतम रकम घरभाडा उपलब्ध गराउने ।

५.खाँदवारी १० स्थित नागेश्वरी लप्से खोला , बगुवा खोला र ११ वडा जोड्ने मोटरबाटो मर्मतका लागि लागत इस्टिमेट अनुसार जालि उपलब्धका साथै १ लाख ५० हजार मर्मत संभार कोषबाट उपलब्ध गराउने ।

६.खाँदवारी ४ कालिका मा.वि छेउ भविजङ चोक देखि भिर गाँउ जोडने मोटरबाटो स्तरोन्नती कार्यका लागि मर्मत संभार कोषबाट रु १लाख ५० हजार उपलब्ध गराउने ।

७.खाँदवारी १ हिमालय मा.वि टोल स्थित तेज बहादुर श्रेष्ठ को घर पछाडि पहिरो नियन्त्रणका लागि ७ थान ग्याविन जालि स्टकबाट उपलब्ध गराउने ।

८.खाँदवारी ३ मानेभञ्ज्याङको ठुलो ढुङ्गा पर्यटकीय स्थल डिजाइन अनुसार रंगरोगन र रेलिङ निर्माण कार्यका लागि Visit Nepal 2020 को शिर्षकबाट रु ३ लाख ५० हजार उपलब्ध गराउने ।

स्थानीय सरकार संचालन ऐन २०७४ ... उप दफा ३ (ज) अनुसार ... प्रमाणित गर्दछु ।

कोमलप्रसाद ...